जि.प्र.का.द.र्ता नं. १७१/०८०/८१

“निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज”

# संवाहक

राष्ट्रिय दैनिक Samvahak National Daily

सूचना

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

वर्ष : ३ | अंक : २३० | २०८२ साल चैत्र ०२ गते, सोमबार | Monday, Mar.– 16 2026 | मूल्य रु. ५/- | पृष्ठ : ४

## रवि-बालेन सहमतिमा समानुपातिक सांसदको नाम टुंग्यो

*काठमाडौं, १ चैत -*

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले समानुपातिक सांसदको लागि ५७ जनाको अन्तिम नामावली टुंगो लगाएर निर्वाचन आयोगमा पेश गरेको छ। पार्टीले आइतबार भर्चुअल माध्यमबाट बसेको सचिवालय बैठकमार्फत यो निर्णय गरेको हो। सभापति रवि लामिछाने अस्वस्थताका कारण घरमै स्वास्थ्य लाभ गरिरहेका थिए भने वरिष्ठ नेता बालेन शाह बैठकमा उपस्थित थिएनन्। तर पार्टी स्रोतका अनुसार दुई नेताबीचै पहिल्यै नाम टुंगो लागेको थियो र सचिवालय बैठकले प्राविधिक रूपमा निर्णय गरेर आयोगमा सूची बुझाएको हो।



पार्टी प्रवक्ता मनिष झाले अनुसार आयोगमा पठाइएको सूची अहिलेसम्म सार्वजनिक गरिएको छैन। आयोगले रूजु र प्रमाणित गरेपछि मात्र नाम सार्वजनिक हुने भएकाले पार्टीले यसलाई बाहिर नआउने निर्णय गरेको हो। सचिवालय बैठकले ४८ महिला र ९ पुरुषको नाम सिफारिस गरेको छ। यसमा खसआर्य तर्फ १७, जनजाति १६, दलित ८, मुस्लिम ३, मधेसी ९ र थारू ४ जनाको समावेश गरिएको छ। सूची तयार गर्दा महिला-पुरुष सन्तुलन र विभिन्न समुदायको समावेशी प्रतिनिधित्वलाई विशेष ध्यान दिइएको बताइएको छ।

प्रत्यक्ष निर्वाचनमा नेकपा (नेपाली कम्युनिस्ट पार्टी) ले १६५ मध्ये १२५ सिट जितेर दुईतिहाईभन्दा २ सिट कमको समर्थन सुनिश्चित गरेको छ। समानुपातिक प्रणालीअन्तर्गत पार्टीले ५१ लाखभन्दा बढी मत प्राप्त गर्दै ५७ सिट पाएको छ। प्रत्यक्ष र समानुपातिक सिट जोड्दा पार्टीको कुल सिट संख्या १८२ पुगेको छ। यस उपलब्धिले पार्टीलाई संसदमा प्रबल बहुमत दिने मात्र होइन, विभिन्न क्लष्टर र समुदायको प्रतिनिधित्व सुनिश्चित गर्न पनि सक्षम बनाएको छ।

निर्वाचनअघि नै बालेन शाहको टिमबाट महामन्त्रीमा सुनिल लम्साल र सहमहामन्त्रीमा भूपदेव शाह चयन भएका थिए। तर केन्द्रीय समिति बैठकबाट नाम अनुमोदन हुन बाँकी रहेकाले उनीहरू सचिवालय बैठकमा सहभागी हुन सकेनन्। बालेन शाहलाई वरिष्ठ नेताको रूपमा सूचीमा समावेश गरिएको छ। पार्टीका नेताहरूले यो प्रक्रिया भित्रभित्रै सहमतिमा सम्पन्न भएको र पार्टीभित्रको एकता तथा समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न महत्वपूर्ण कदम भएको बताएका छन्।

## कलैया-मोतिबागमा लामखुट्टे नियन्त्रण अभियान सुरु, नगरवासी आंशिक राहतमा

*संवाहक सम्वादाता-१ चैत्र, कलैया*

बाराको कलैया उपमहानगरपालिका-१ स्थित मोतिबाग बौद्धीमाई टोलमा लामखुट्टेको व्यापक आतंकलाई नियन्त्रण गर्न आइतबार राति नगरपालिकाले औषधी स्प्रे गरेको छ।





यसअघि “कलैया-१ मोतिबागमा लामखुट्टेको आतंक, नगरवासी त्रसित” शीर्षकमा समाचार यसै पत्रिकामा मुख्य समाचार प्रकाशन भएपछि स्थानीय प्रशासनलाई सार्वजनिक दबाब बढेको थियो। समाचारको प्रभाव र नगरवासीको ध्यानाकर्षणका कारण अभियान एक हप्तापछि मात्रै सुरु भए पनि स्थानीयहरूले यसलाई सराहनीय प्रयास भएको प्रतिक्रिया दिएका छन्।

स्थानीय बासिन्दाहरूले लामखुट्टे कारण सडकमा हिँड्न, घरबाहिर समय बिताउन गाह्रो भएको बताएका छन्। घरभित्र पनि झुल वा जालो बिना बस्न कठिन भइरहेको स्थिति थियो।

वडा नं. १ का वडाअध्यक्ष मोहन बजादुर क्षेत्रीका अनुसार मोतिबागबाट सुरु भएको लामखुट्टे नियन्त्रण अभियान क्रमशः नगरका अन्य क्षेत्रमा पनि विस्तार गरिनेछ। उनले भने, “यो अभियान नियमित रूपमा जारी रहनुपर्छ। मात्र नियमित औषधी स्प्रे गर्दा लामखुट्टे नियन्त्रणमा प्रभावकारी नतिजा आउन सक्छ।”

बाँकी तेस्रो पृष्ठमा

## कलैयामा युवाहरू सडकमा, इनिशा बिक प्रकरणमा न्यायको माग

*संवाहक सम्वादाता-१ चैत्र, कलैया*

इनिशा बिक हत्या प्रकरणमा निष्पक्ष छानबिन र दोषीमाथि कडा कारबाहीको माग गर्दै बाराको कलैयामा स्वतन्त्र युवाहरूले आइतबार प्रदर्शन गरेका थिए।



प्रदर्शनमा सहभागीहरूले विरोधको प्रतीकका रूपमा दीप प्रज्वलन गर्दै न्यायको माग राखेका थिए। उनीहरूले सरकार र स्थानीय प्रशासनलाई तत्काल प्रभावकारी कदम चाल्न, प्रहरी अनुसन्धान ढिलाइ नगरी छानबिन अगाडि बढाउन आह्वान गरेका छन्।

प्रदर्शनकारीहरूले “न्याय माग्छौं” र “दोषीलाई कडा कारबाही हुनुपर्छ” जस्ता नारा लगाएका थिए। उनीहरूको भनाइ छ कि दोषीलाई कानूनी प्रक्रिया अनुसार कारबाही नगरेमा सामाजिक असन्तोष बढ्ने खतरा छ।

स्थानीय नागरिक र सामाजिक अभियानकर्ताहरूले पनि यस किसिमका प्रदर्शनले न्यायको आवाज बलियो बनाउने र भविष्यमा यस्ता घटनाहरू रोक्न मद्दत गर्ने बताए। प्रशासनले शान्तिपूर्ण प्रदर्शन सुनिश्चित गर्न प्रहरी परिचालन गरेको थियो।

इनिशा बिक प्रकरणले समाजमा व्यापक आक्रोश उत्पन्न गरेको छ। प्रदर्शनकारीहरूले दोषीको पहिचान, निष्पक्ष छानबिन र पारदर्शी कानूनी कारबाहीको प्रक्रिया सुनिश्चित गर्न जोड दिएका छन्।

## वीरगञ्जमा ट्रामाडोलसहित दुई जना पक्राउ ५२ हजार बढी क्याप्सुल बरामद

*संवाहक सम्वादाता-१ चैत्र, कलैया*

पर्सा प्रहरीले ठूलो परिमाणमा प्रतिबन्धित ट्रामाडोल क्याप्सुलसहित दुई जनालाई पक्राउ गरेको छ।




प्रहरीका अनुसार वीरगञ्ज महानगरपालिका-१४ गण्डक चोकको चेकपोस्टमा आइतबार सवारी जाँचका क्रममा ना ७ ख ७६८६ नम्बरको ट्रक रोक्दा लुकाइछिपाइ राखिएको ५२ हजार ३०० ट्रामाडोल हाइड्रोक्लोराइड क्याप्सुल (आईपी ५० एमजी) बरामद गरिएको हो।

पक्राउ पर्नेमा पचरौता-९ का ४२ वर्षीय राम अशिष राउत अहिर र बहुदरमाई-२ सिसियाडीका ३० वर्षीय सुवास सर्राफ रहेका छन्। उनीहरूविरुद्ध लागूऔषध सम्बन्धी मुद्दा दर्ता गरिएको छ भने पर्सा जिल्ला अदालतले सात दिनको म्याद थप गरी थप अनुसन्धान जारी राख्न आदेश दिएको छ। ट्रामाडोल मध्यमदेखि गम्भीर दुखाइ कम गर्न प्रयोग हुने ओपिओइड औषधि हो। यसको दुरुपयोग हुने भएकाले नेपाल लगायत धेरै देशमा यसको बिक्री र प्रयोग कडाइका साथ नियन्त्रित छ। जिल्ला प्रहरी कार्यालयले पत्रकार सम्मेलनमार्फत पछिल्लो समय सीमावर्ती क्षेत्र र मुख्य नाकामा लागूऔषध नियन्त्रण कडा बनाइएको र यस किसिमका घटनामा छिटो अनुसन्धान हुने जनाएको छ।

## नेपाली आकाशमा देखियो अनौठो प्रकाश, स्थानीयमा चासो

*संवाहक सम्वादाता-१ चैत्र, कलैया*

बाराको कलैया,वीरगञ्ज आसपास लगायत देशको विभिन्न क्षौत्रबा आकाशमा आइतबार साँझ करिब ७:४५ बजे अनौठो किसिमको चम्किलो लाईट देखिएको भन्दै स्थानीयले चासो व्यक्त गरेका छन्। आकाशमा एकपछि अर्को गर्दै लहरजस्तो देखिने ती प्रकाश बिन्दु केही समयसम्म देखिएपछि विस्तारै हराएको प्रत्यक्षदर्शीहरू मध्ये कलैया निवासी फरिद हवारीले बताएका छन्।



स्थानीयका अनुसार सामान्य विमान वा तारा जस्तो नभई लामो लाइनमा चम्किँदै अघि बढ्ने जस्तो दृश्य देखिएको थियो। उक्त दृश्य देखेपछि धेरैले मोबाइलबाट भिडियोसमेत खिचेर सामाजिक सञ्जालमा साझा गरेका छन्।

यस्तो प्रकारको दृश्य प्रायः पृथ्वीको कक्षामा प्रक्षेपण गरिएका उपग्रहहरूको समूह (साटेलाइट ट्रेन), रकेटको अवशेष, वा अन्तरिक्ष सम्बन्धी गतिविधिका कारण देखिन सक्ने विज्ञहरूले बताउने गरेका छन्। यद्यपि नेपालका आधिकारिक निकायले भने यसबारे कुनै औपचारिक जानकारी सार्वजनिक गरिसकेका छैनन्। केही समयपछि प्रकाश हराएपछि स्थिति सामान्य भएको स्थानीयले बताएका छन्। घटना सम्बन्धमा थप पुष्टि हुन बाँकी रहे पनि सामाजिक सञ्जालमा भने यसको भिडियो र तस्वीरहरू व्यापक रूपमा फैलिरहेका छन्।

## ललिता दास “विद्रोही” कर्मयोगी बद्री पहाडी समाजसेवा पुरस्कारबाट सम्मानित हुने

*काठमाडौं । १ चैत्र,*

मानव अधिकार तथा शान्ति समाजले यस वर्षको कर्मयोगी बद्री पहाडी समाजसेवा पुरस्कार-२०८२ ललिता दास तत्मा ‘विद्रोही’लाई प्रदान गर्ने निर्णय गरेको छ।



समाजले सामाजिक न्याय र मानव अधिकारका क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्तिलाई हरेक वर्ष प्रदान गर्दै आएको यो पुरस्कारको राशि १ लाख १० हजार रुपैयाँ रहेको छ। समाजका केन्द्रीय सभापति रेनुका पौडेलका अनुसार मधेसका दलित, महिला तथा सीमान्तकृत समुदायको अधिकारका पक्षमा सक्रिय भूमिका खेलेको योगदानको कदर गर्दै दासलाई यस वर्षको पुरस्कारका लागि चयन गरिएको हो।

पुरस्कार छनोट समितिको बैठक फागुन ३० गते बसेर उक्त निर्णय गरेको जनाइएको छ।

सिराहा जिल्लाको सन्हैठा गाउँमा २०४२ साउन १४ गते जन्मिएकी दास हाल लहानमा बसोबास गर्दै आएकी छन्। उनी मधेस प्रदेश सभाकी सदस्य तथा प्रदेश सभाको महिला, बालबालिका तथा सामाजिक न्याय समितिकी सदस्यसमेत हुन्। साथै उनी जनता समाजवादी पार्टी नेपालको केन्द्रीय सदस्यका रूपमा पनि सक्रिय छिन्। जातीय तथा सामाजिक विभेदविरुद्ध निरन्तर आवाज उठाउँदै आएकी दासले सडकदेखि सदनसम्म संघर्ष गर्दै ‘विद्रोही’ पहिचान बनाएकी छन्।

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ।"
- सेक्सपियर

प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

समाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/
श्याम बिहारी कुशवाहा

कम्प्युटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालयः
कलैया उपमहानगरपालिका
शाखा कार्यालयः कलैया-१, बारा

मुद्रकः शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज

## सम्पादकीय .......

### असिनापानीले बाराका किसानलाई मार, राहत कहिले ?

बाराका विभिन्न क्षेत्रमा शुक्रबार साँझ परेको असिनापानी र हावाहुरीले किसानका बालीनालीमा ठूलो क्षति पुऱ्याएको छ। गहुँ, मकै, मसुरो जस्ता मुख्य बाली मात्र होइन, आँपका बोटका फूल र मझ्जारसमेत झरेपछि किसान चिन्तित बनेका छन्। बाली पाक्ने वा उत्पादनको अन्तिम चरणमा पुगेका बेला आएको प्राकृतिक विपत्तिले किसानको महिनौँको मेहनत एकैछिनमा नष्ट भएको छ।

विशेषगरी महागढीमाई नगरपालिका, कलैया उपमहानगरपालिका, सिम्रौनगढ नगरपालिका, सुवर्ण गाउँपालिका र फेटा गाउँपालिकाका किसानहरू बढी प्रभावित भएका छन्। कतिपय किसानका खेतमा गहुँ ढलेको छ भने मकैको उत्पादनसमेत घट्ने देखिएको छ। तेलहन तथा दलहन बालीमा पनि उल्लेख्य क्षति पुगेको बताइएको छ। यसले किसानको आम्दानी मात्र होइन, स्थानीय कृषि अर्थतन्त्रमा समेत असर पार्ने निश्चित छ।

प्राकृतिक विपत्तिलाई रोक्न सकिँदैन, तर त्यसको प्रभाव कम गर्न राज्यको तयारी र तत्परता महत्त्वपूर्ण हुन्छ। स्थानीय तहले क्षतिको विवरण संकलन सुरु गरेको बताएको छ, तर किसानलाई राहत कहिले र कसरी पुग्छ भन्ने प्रश्न अझै अनुत्तरित छ। विगतका अनुभवले देखाउँछ कि यस्ता घटनापछि राहत प्रक्रिया ढिलो हुने वा सीमित किसानसम्म मात्र पुग्ने समस्या दोहोरिने गरेको छ। कृषि अझै पनि नेपालको ठूलो जनसंख्याको जीविकोपार्जनको आधार हो। यस्तो अवस्थामा विपत्तिबाट प्रभावित किसानलाई समयमै राहत, क्षतिपूर्ति र सहुलियत उपलब्ध गराउनु राज्यको जिम्मेवारी हो। त्यसैले सरकार र सम्बन्धित निकायले ढिलाइ नगरी वास्तविक क्षतिको मूल्यांकन गरी पीडित किसानलाई तत्काल राहत उपलब्ध गराउनुपर्छ। अन्यथा किसानको पीडा झन् गहिरो हुने मात्र होइन, कृषि पेशाप्रति निराशा पनि बढ्ने खतरा रहन्छ।

# संविधान संशोधनमा सतर्कता




रोजगारी सिर्जना गर्ने निजी क्षेत्रले हो। लगानीयोग्य वातावरणको अभाव र लगानीको असुरक्षाका कारण निजी क्षेत्र दीर्घकालीन रूपमा थप लगानी गर्न हिच्किचा( उँछ। जसले श्रम बजारमा थप चाप बढ्ने र अस्थिरता ल्याउने सम्भावना प्रबल हुन्छ। बेरोजगारीको समस्या समाधान गर्न सरकार, निजी क्षेत्र, शैक्षिक संस्था, विकास साझेदार र नागरिक समाज सबै मिलेर रोजगारी सिर्जनामा काम गर्नु पर्छ।



सन्दीपकुमार साह

मुलुक अहिले सामाजिक, आर्थिक, राजनीतिक र प्रविधिको परिवर्तनको दौरानमा छ। आर्थिक विविधीकरण, प्रविधिको विस्तार र सामाजिक संरचनामा आएको परिवर्तनले आन्तरिक श्रम बजारलाई प्रत्यक्ष असर पारेको छ। युवा लक्षित रोजगारीका अवसर, रोजगारीको किसिम, सिपको आवश्यकता र वैदेशिक रोजगारीको प्रवृत्तिमा गहिरो प्रभाव पारेको छ।

रोजगारीका अवसर प्रायः सहरी क्षेत्रमा केन्द्रित छन्। ग्रामीण क्षेत्रमा रोजगारीका सीमित अवसर छन्। ग्रामीण क्षेत्रमा कृषि, निर्माण, उद्योग, सेवा, पर्यटन, सूचना प्रविधि, उद्यमशीलता तथा नवप्रवर्तनलगायत अन्य कैयौँ क्षेत्रमा समेत युवा रोजगारीका अत्यधिक सम्भावना छन्। यी सम्भावनालाई मूर्त रूप दिन नीति, संरचना, लगानी, विधि, प्रविधि, प्रक्रिया र श्रम बजार सञ्जालको विकास गर्नु अति अत्यावश्यक छ। स्थानीय स्रोत, सिप र सम्भावनाको पहिचान गरी विभिन्न सरोकारवाला निकायको सहयोग, समन्वय र सहकार्यमा स्टार्टअप, इनोभेसन र उद्यमशीलतामार्फत स्वरोजगारीका अवसर सिर्जना गर्नु पर्छ। सङ्घीय र प्रदेश सरकारले ग्रामीण क्षेत्रमा औद्योगिक विकास एवं विस्तारमा समेत लगानी गर्नु आवश्यक छ।

युवा जनशक्ति राष्ट्रिय विकासको मेरुदण्ड मात्र नभई सामाजिक तथा आर्थिक रूपान्तरणको प्रमुख संवाहक पनि हो। राष्ट्रिय युवा नीति, २०८२ अनुसार १८-३५ वर्ष उमेर समूहको जनसङ्ख्यालाई युवा मानिएको छ। राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको कुल जनसङ्ख्याको ३०.१० प्रतिशत जनसङ्ख्या १८-३५ वर्ष उमेर समूहभित्रको युवाको जनसङ्ख्या छ भने ४२.५६ प्रतिशत जनसङ्ख्या १६-४० वर्ष उमेर समूहको। नेपालको जनसङ्ख्यिक संरचनामा युवाको बाहुल्य छ। नेपाल हाल जनसाङ्ख्यिक लाभको अवस्थामा छ। जहाँ काम गर्न सक्ने युवाको हिस्सा उच्च छ र यो अवस्था आगामी करिब २५/२६ वर्षसम्म मात्र रहने छ। यो राष्ट्रको आर्थिक वृद्धि र विकासका लागि ठुलो अवसर हो। यस अवधिभित्र युवालाई राष्ट्रिय उत्पादनसँग जोड्न सकिएन भने भविष्यमा यो जनसाङ्ख्यिक लाभ राष्ट्रका लागि ठुलो आर्थिक र सामाजिक भार बन्न सक्छ।

***युवा रोजगारीको अवस्था***

नेपाल श्रमशक्ति सर्वेक्षण, १९९५/९६ अनुसार नेपालको बेरोजगारी दर ४.९ प्रतिशत थियो। नेपाल श्रमशक्ति सर्वेक्षण, २०१७/१८ अनुसार बेरोजगारी दर ११.४ प्रतिशत पुगेको थियो भने नेपाल जीवनस्तर सर्वेक्षण, २०२२/२३ अनुसार बेरोजगारी दर १२.६ प्रतिशत पुगेको छ। सन् १९९५/९६ मा १५-२४ वर्ष उमेर समूहका युवाको बेरोजगारी दर ७.३ प्रतिशत रहेकोमा सन् २०२२/२३ मा यो दर २२.७ प्रतिशत पुगेको छ। यसले नेपालमा बेरोजगारी दरको साथसाथै युवामा बेरोजगारी दर पनि बढ्दै गएको स्पष्ट देखिन्छ। यो उच्च बेरोजगारी दरले सक्रिय जनसङ्ख्यालाई निष्क्रिय पुँजीमा परिणत गरिरहेको देखाउँछ, जसले जनसाङ्ख्यिक लाभांशको अवसरलाई आर्थिक बोझमा परिणत गर्ने जोखिम पनि बढाएको छ।

***युवा रोजगारीका अवरोधक***

मुलुकमा रोजगारीको अवस्था एकदम जटिल छ। युवा जनशक्तिको ठुलो हिस्सा बेरोजगार वा अर्धबेरोजगार छ। मुलुकमा सिपयुक्त जनशक्तिको कमी, अनौपचारिक क्षेत्रमा उच्च रोजगारी र वैदेशिक रोजगारीमा निर्भरता जस्ता श्रम बजारका मुख्य चुनौती छन्। युवा शैक्षिक र रोजगारीका अवसरको खोजीमा दिनानुदिन विदेश पलायन भइरहेका छन्।

अर्थतन्त्रको बनावट वा स्वरूपमा परिवर्तन भएकै कारण आन्तरिक रोजगारीका अवसरमा सङ्कुचन आएको छ। अर्थतन्त्र औद्योगिक चरणमा प्रवेश नगरी सिधै कृषि क्षेत्रबाट सेवा क्षेत्रमा रूपान्तरण भएको छ। जसले गर्दा देशमा उत्पादनशील रोजगारीको आधार एकदमै कमजोर बनेको छ। नेपालको श्रम बजारको अर्को मूल समस्या भनेको अनौपचारिक अर्थतन्त्रको प्रभुत्व हो। श्रम बजारको करिब ८० प्रतिशत हिस्सा अझै अनौपचारिक क्षेत्रले ओगटेको छ।

नेपालका ५८.५ प्रतिशत युवा शिक्षा, सिप वा रोजगारीमा संलग्न नरहेको देखिन्छ। विश्वमा हरेक पाँच जनामा एक जना अर्थात् २०.४ प्रतिशत युवाको संलग्नता शिक्षा, सिप वा रोजगारीमा नरहेको अवस्था छ। यो विश्वव्यापी औसत भन्दा झन्डै तीन गुणा बढी छ। यसले नेपाली युवा शक्तिको ठुलो हिस्सा निष्क्रिय रहेको देखाउँछ। ७३ प्रतिशत युवासँग शैक्षिक प्रमाणपत्र भए पनि श्रम बजारले खोज्ने प्राविधिक र व्यावसायिक सिपको चरम अभाव छ। जसले युवा बेरोजगारीको वर्तमान अवस्थालाई उजागर गरेको छ।

***युवा रोजगारीका मार्गचित्र***

विश्वव्यापी रूपमा सूचना प्रविधि, स्वचालन, डिजिटल रूपान्तरण र आर्थिक क्षेत्रमा द्रुत गतिमा भइरहेका परिवर्तनले कामको प्रकृति र स्वरूपमा समेत परिवर्तन गरिरहेका छन्। जसले रोजगारीको स्वरूप र आवश्यकता दुवैलाई रूपान्तरण गरेको छ। पुराना एवं परम्परागत प्रकृतिका काममा ह्रास हुँदै गएको छ भने नयाँ नयाँ सिप र दक्षता आवश्यक पर्ने कामको सङ्ख्या बढ्दै गएका छन्। श्रम बजारको प्रकृतिमा आएको परिवर्तनसँगै नयाँ नयाँ सिपको माग र आवश्यकता पनि बढ्दै गएको छ। परिणामतः आजको युवा पुस्ता रोजगारीका लागि श्रम बजारमा प्रतिस्पर्धा गर्न सक्षम छैन।

रोजगारी केवल श्रम र ज्यालाको विषय मात्र नभई यो विभिन्न प्रणाली र पात्रबिचको एकीकृत सञ्जाल हो। नेपालमा रोजगारीका क्षेत्रमा भएका विगतका प्रयास असफल हुनुको मुख्य कारण भनेको एकीकृत दृष्टिकोणको अभाव हो। श्रम बजारको प्रभावकारी व्यवस्थापनका लागि मुख्य पाँच वटा पक्ष-प्रणाली, कर्ता/भूमिका निर्वाह गर्ने पक्ष (एक्टर्स), कारक तत्व, क्षेत्र (सेक्टर्स) र सरोकारवाला ( स्टेकहोल्डर्स) बिचको लिङ्केज र अन्तरसम्बन्ध।

प्रणाली : रोजगारी सिर्जनाको मुख्य आधार प्रणाली हो। प्रणाली भनेको कानुनी पूर्णता, नीतिगत स्पष्टता र संस्थागत संरचना हो। सञ्चालन पद्धति हो। प्रणालीगत कमजोरीले रोजगारी सिर्जना एवं रोजगारमूलक सूचना प्रवाहमा अवरोध सिर्जना गर्छ। प्रणालीले रोजगारसम्बन्धी नीति, रणनीति, योजना, कार्यक्रम, सिप विकास नीति र श्रम बजार सूचना व्यवस्थापन प्रणालीको रूपरेखा तय गर्छ। प्रणाली बलियो र सुदृढ भएमात्र श्रम बजारमा रोजगारीको माग र आपूर्तिबिच सन्तुलन कायम हुन्छ। व्यवस्थित र सक्षम प्रणाली नभएसम्म रोजगारी सिर्जना गर्न जटिल छ। उपयुक्त प्रणालीको विकासले नै श्रम बजारलाई सन्तुलित, व्यवस्थित र गतिशील बनाउने काम गर्छ।

कर्ताहरू (एक्टर्स) : रोजगारी सिर्जनामा प्रत्यक्ष वा सक्रिय भूमिका निर्वाह गर्ने नीति निर्माता, रोजगारदाता, रोजगारी खोज्ने व्यक्ति, तालिम प्रदायक संस्था, सहयोगी संयन्त्र वा सङ्घ संस्था श्रम बजारका प्रमुख कर्ता हुन्। यी पात्रबिच समन्वयको अभाव वा समयानुकूल जिम्मेवारी वा भूमिका सही ढङ्गले वहन गर्न नसकेको खण्डमा न रोजगारी सिर्जना गर्न सकिन्छ न त बेरोजगारी नै घटाउन सकिन्छ। तसर्थ श्रम बजारलाई चलायमान बनाउन नीति निर्माता, कार्यान्वयनकर्ता, रोजगारदाता, रोजगारी खोज्ने व्यक्ति र तालिम प्रदायक संस्थाले श्रम बजारको माग र आपूर्तिलाई सन्तुलन गर्ने खालको नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्नु पर्छ।

कारक तत्व (फ्याक्टर्स) : रोजगारी सिर्जना र श्रम बजारलाई प्रभाव पार्ने आधारभूत कारक तत्व शिक्षा, सिप, पुँजी, प्रविधि, जनसाङ्ख्यिक अवस्था, भौगोलिक बनावट, लैङ्गिक समानता, श्रम बजारको माग र आवश्यकता आदि रहेका छन्। यी कारक तषवबिचको असफलताले जनसाङ्ख्यिक लाभको अवस्था हुँदाहुँदै पनि मुलुक न्यून उत्पादकत्वको चक्रमा फसेको अवस्था छ। शिक्षा प्रणाली श्रम बजार अनुकूल हुनु पर्छ। सिप विकासमा लगानी बढाउनु पर्छ। सिप विकास नीतिलाई श्रम बजार उन्मुख बनाउन सकियो भने रोजगारी सिर्जनामा सुधार ल्याउँछ र वैदेशिक रोजगार माथिको निर्भरतालाई घटाउँछ। युवालाई रोजगारीमा सहज पहुँचका लागि श्रम बजार प्रणालीलाई प्रविधिमैत्री र सिपकेन्द्रित बनाउन एकदम जरुरी छ।

क्षेत्रहरू (सेक्टर्स) : रोजगारीका अवसर फरक-फरक क्षेत्र जस्तैः कृषि, सूचना प्रविधि, निर्माण, स्वास्थ्य, पर्यटन, सेवा क्षेत्र, उत्पादन क्षेत्र जस्ता उच्च सम्भावना भएका क्षेत्रमा रोजगारी सिर्जना गर्न सकिन्छ। रोजगारी सिर्जना हुने फरक-फरक अर्थतन्त्र वा आर्थिक क्षेत्रहरू जस्तैः हरित अर्थतन्त्र, डिजिटल अर्थतन्त्र, केयर अर्थतन्त्रको रूपान्तरणबिना रोजगारीका नयाँ नयाँ अवसरको सिर्जना प्रायः असम्भव नै छ। तसर्थ कृषि क्षेत्रको आधुनिकीकरण गर्नु पर्छ। औद्योगीकरणलाई प्रोत्साहन गर्नु पर्छ। पर्यटन क्षेत्रको विकास एवं विस्तार गर्नु पर्छ। थप लगानी गर्न लगानीयोग्य वातावरण निर्माण गर्नु पर्छ।

सरोकारवाला (स्टेकहोल्डर्स) : रोजगारी सिर्जना एवं प्रवर्धनमा विभिन्न सरोकारवाला निकाय जस्तैः सरकारी तथा गैरसरकारी निकाय, निजी क्षेत्र, ट्रेड युनियन, रोजगारदाता महासङ्घ, शैक्षिक संस्था, तालिम प्रदायक संस्था, विकास साझेदार, दातृ निकाय आदि सबैको प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा महत्वपूर्ण भूमिका रहने गर्छ। यी सरोकारवाला निकायबिचको समन्वय, सहकार्य र एकीकृत संयोजनले मात्र रोजगार नीति, रणनीति र कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन हुन्छ र श्रम बजारलाई चलायमान बनाउन सकिन्छ। यी पाँच पक्षबिच लिङ्केज, समन्वय र सहकार्य हुन एकदम जरुरी छ।

***निष्कर्ष***

रोजगारी सिर्जना गर्ने निजी क्षेत्रले हो। लगानीयोग्य वातावरणको अभाव र लगानीको असुरक्षाका कारण निजी क्षेत्रले दीर्घकालीन रूपमा थप लगानी गर्न हिच्किचाउँछ। जसले श्रम बजारमा थप चाप बढ्ने र अस्थिरता ल्याउने सम्भावना प्रबल हुन्छ। नेपालमा रोजगारीको अवस्था चुनौतीपूर्ण भए पनि रोजगारीका सम्भावना पनि उत्तिकै छन्। अब रोजगारी सिर्जना मुख्य एजेन्डा बन्नु पर्छ।

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## बङ्गलादेशी विद्रोह नेताको हत्यामा भारतमा थप पक्राउ

***कोलकाता, चैत १ गते ।***
ढाकामा बङ्गलादेशका लोकप्रिय विद्यार्थी नेता सरिफ उस्मान हादीको हत्यासँग सम्बन्धित अर्का संदिग्धलाई भारतले पक्राउ गरेको छ । पक्राउ गरिएको संदिग्धमाथि हादीको हत्यामा संलग्न दुई जनालाई भारतमा अवैधरूपमा प्रवेश गराउन सहयोग गरेको आरोप लागेको पश्चिम बङ्गाल प्रहरीले आइतबार जानकारी दिएको छ ।



सन् २०२४ को बङ्गलादेशीय जनविद्रोहमा सक्रिय हादीलाई डिसेम्बर १२ मा ढाकामा नकाब लगाएका आक्रमणकारीले गोली हानी घाइते बनाएका थिए । उनको पछि सिङ्गापुरको अस्पतालमा उपचारका क्रममा मृत्यु भएको थियो । पश्चिम बङ्गाल प्रहरीले फैसल करिम मसूद र आलमगीर हुसेनलाई हत्याको मुख्य संदिग्धका रूपमा नाम दिएको थियो । हादीमाथि आक्रमणको केही समयपछि ती दुई हलुआघाट सीमा हुँदै भारततर्फ भागेको प्रहरीले बताएको छ ।

भारतले ८ मार्चमा ती जोडीलाई पक्राउ गरेको थियो र उनीहरू प्रहरी हिरासतमा छन् । पश्चिम बङ्गालको विशेष टास्क फोर्सका सुपरिटेन्डेन्ट इन्द्रजीतका अनुसार फिलिप सांग्मालाई मसूद र हुसेनलाई भारत प्रवेश गराउन सहयोग गरेको आरोपमा पक्राउ गरिएको हो । उनलाई जिल्ला अदालतमा प्रस्तुत गर्नुअघि एक हप्ताका लागि प्रहरी हिरासतमा पठाइएको छ । हादीको मृत्युपछि बङ्गलादेशमा हिंसात्मक विरोध प्रदर्शन सुरु भयो । आक्रोशित भिडले भारतको पक्षमा मानिने दुई प्रमुख समाचारपत्र र एक सांस्कृतिक संस्थासहित केही भवनमा आगो लगाएको थियो । पूर्वप्रधानमन्त्री शेख हसिनाले प्रजातन्त्र समर्थक विद्रोहबाट भारतमा शरण लिँदा भारत र बङ्गलादेशबीच सम्बन्धमा तनाव थपिएको थियो । भारतीय विदेश मन्त्रालयले हादीको हत्यामा नयाँदिल्ली संलग्न भएको भन्ने दाबीलाई अस्वीकार गरेको छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले शेख हसिनाको सत्ता बहिर्गमनपछि भएको पहिलो संसदीय चुनावमा बङ्गलादेश नेसनलिस्ट पार्टी ( बिएनपी) को जीतमा बधाई दिनुभएको थियो ।

## मध्यपूर्व युद्धमा नयाँ उथलपुथल

दुबई, फागुन ३० गते । इरानले संयुक्त अरब इमिरेट्स (यूएई) को फुजाइरा बन्दरगाहमा शनिबार ड्रोन हमला गरेको छ। यो हमला अमेरिकाले इरानको खार्ग द्वीपमा भीषण हमला गरेलगत्तै भएको हो । यूएईका अधिकारीहरूले फुजाइरामा लागेको आगो निभाउने कार्य भइरहेको जनाएका छन्। उनीहरूले हवाई प्रतिरोध प्रणालीले नष्ट गरेको ड्रोन खस्दा आगलागी भएको बताएका छन्। उक्त बन्दरगाह यूएईका निम्ति अत्यन्त महत्त्वपूर्ण स्थान हो भने मध्येपूर्वकै सबैभन्दा विशाल तेलभण्डार केन्द्रहरूमध्ये एक हो।
साथै पानीजहाजहरूमा इन्धन भर्नका निम्ति पनि यो महत्त्वपूर्ण स्थल हो।
फुजाइरा बन्दरगाह ओमानको खाडीमा पर्छ । त्यहाँ पुग्न पानीजहाजहरूलाई जलक्षेत्रमा युद्ध सुरु भएको दुई सातायता पानीजहाजको आवतजावत लगभग बन्द रहेको हर्मुज स्ट्रेट पार गर्नुपर्दैन। ड्रोन हमलापछि अनलाइन माध्यममा देखिएका फुटेजमा यूएईको पूर्वी तटमा रहेको उक्त पूर्वाधार परिसरबाट बाक्लो धुवाँको मुस्लो उडिरहेको देखिएको थियो।
फुजाइरा बन्दरगाहमा ड्रोन हमला त्यतिखेर भएको छ जतिखेर इरानी



रिभोलूशनरी गार्ड्स कोर ९आईआरजीसी०ले अमेरिकाले उसको खार्ग द्वीपमा हमला गरेका कारण अब यूएईका बन्दरगाह तथा अमेरिकी सैन्य ठेगानाहरू आफ्नो निम्ति वैध निसाना बनेको जनाएको छ।
तेहरानको तेल उद्योग तथा समग्र अर्थतन्त्रका निम्ति खार्ग द्वीपको महत्त्व निकै रहेको मानिन्छ। यसैबीच, इरानी सेनाको खताम मुख्यालयका एक प्रवक्ता कर्णेल इब्राहिम जुल्फीगरीले यूएईका बन्दरगाहमा रहेका अमेरिकी क्षेप्यास्त्र तथा अमेरिकी सैनिक 'लुक्ने स्थल'हरूमा आक्रमण गर्ने इरानको वैध अधिकार भएको बताउनुभएको छ।
उहाँले हानिबाट जोगिन यूएईका सहरहरू खाली गर्न मुस्लिमहरूलाई आह्वान गर्नुभएको छ। । यसअघि अर्को खाडी देश कतारमा अमेरिकी व्यापारिक स्वार्थ जोडिएका कतिपय ठाउँहरू खाली गर्न अधिकारीहरूले आदेश दिएका थिए । इरानले तिनलाई वैध निसाना भनेपछि मानिसहरूलाई त्यहाँबाट अन्यत्र जान अधिकारीहरूले भनेका छन्।
गुगल तथा 'अमेरिकन एक्सप्रेस'जस्ता अमेरिकी कम्पनीहरूको कार्यालय रहेको राजधानी दोहाको केन्द्रमा रहेको मुशेइरेब डिस्ट्रिक्टमा मानिसहरूलाई फोनमार्फत् ती ठाउँ छाड्न सावधान गराइएका सन्देश जारी गरिएका छन्।

## अमेरिकी सेनाका लेफ्टिनेन्ट जनरल जोएल भोवेल नेपाल भ्रमणमा

***काठमाडौँ – १ चैत्र,***
अमेरिकी सेनाका लेफ्टिनेन्ट जनरल व्यभ्र्ा ख्यधर्भ्ाी नेपाल आएका छन्। पूर्वनिर्धारित कार्यक्रमअनुसार अमेरिकी सेनाको प्यासिफिक कमाण्डका डेपुटी कमान्डिङ जनरल भोवेल आइतबार काठमाडौँ आइपुगेका हुन्।
नेपाली सेना का अनुसार उनी चैत ३ गतेसम्म नेपालमा रहनेछन्।
नेपाल बसाइका क्रममा उनले विभिन्न औपचारिक भेटघाट गर्नुका साथै काभ्रेको पाँचखालस्थित वीरेन्द्र शान्ति कार्य तालिम केन्द्र को भ्रमण गर्ने कार्यक्रम रहेको छ। नेपाली



सेनाले यस्तो प्रकारको उच्चस्तरीय भ्रमणले नेपाल र अमेरिकाबीचको सम्बन्ध थप सुदृढ हुने विश्वास व्यक्त गरेको छ। साथै मानवीय सहायता, विपद् व्यवस्थापन तथा अन्तर्राष्ट्रिय शान्ति स्थापना कार्यजस्ता क्षेत्रमा सहकार्य विस्तार हुन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

## सरकारले २ करोड ४२ लाख डलर अनुदान स्वीकार गर्ने

***काठमाडौँ –१ चैत्र,***
सरकारले २ करोड ४२ लाख ६७ हजार ४२७ अमेरिकी डलर बराबरको अनुदान सहायता स्वीकार गर्ने निर्णय गरेको छ। प्रधानमन्त्री निवास बालुवाटारमा आज बसेको मन्त्रिपरिषद् बैठकले उक्त निर्णय गरेको हो।
बैठकले नेपालको हिमनदी क्षेत्रका हिमताल विस्फोटनजन्य बाढीबाट उत्पन्न जोखिम न्यूनीकरण गर्दै स्थानीय बासिन्दाको जीविकोपार्जन तथा सम्पत्तिको संरक्षण गर्ने उद्देश्यका साथ सञ्चालन हुने परियोजनाका लागि हरित जलवायु कोषमार्फत संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमबाट प्राप्त हुने उक्त अनुदान स्वीकार गर्ने निर्णय गरेको हो।
त्यसैगरी, सरकारले युद्ध प्रभावित पश्चिम एसियाली मुलुकहरूमा रहेका तथा ट्रान्जिटमा अलपत्र परेका नेपाली नागरिकको तत्काल राहत तथा उद्धार कार्यलाई



प्रभावकारी बनाउन सम्बन्धित नेपाली कूटनीतिक नियोगहरूलाई आवश्यक व्यवस्था मिलाउन निर्देशन दिएको छ। यसअन्तर्गत रियाद, अबुधाबी, दोहा, कुवेत सिटी, मनामा, मस्कट, इस्लामाबाद, कायरो र तेल अबिबस्थित नेपाली दूतावास तथा जेद्दा र दुबईस्थित नेपाली महावाणिज्य दूतावासले आवश्यक समन्वय गर्नेछन्।
यसैबीच, विसं २०८२ भदौ २३ र २४ गते भएको प्रदर्शनका क्रममा भएका घटनाको छानबिनका लागि गठित जाँचबुझ आयोगले पेस गरेको प्रतिवेदन अध्ययन गर्नेगरी मन्त्रिपरिषद्ले ग्रहण गर्ने निर्णय गरेको सरकारका प्रवक्ता तथा गृहमन्त्री ओमप्रकाश अर्यालले जानकारी दिएका छन्।

## कलैया ...

नगरपालिकाले औषधी छरिएर प्रारम्भिक रुपमा लामखुट्टेको संख्या र प्रकोप कम गर्ने प्रयास गरेको छ। स्थानीय बासिन्दाले भने, ढिलो भए पनि पहल सुरु गरिएकोमा सन्तोष व्यक्त गर्दै, आगामी समयमा लामखुट्टे नियन्त्रण हुने अपेक्षा गरेका छन्।
यो अभियानले नगरवासीको स्वास्थ्य सुरक्षामा ठूलो योगदान पुऱ्याउने र डेंगु, मलेरिया जस्ता रोगको जोखिम घटाउने लक्ष्य राखेको छ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
कलैया उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
वीरगंज महानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
करैयामाई गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

जनहितमा जारी सन्देश
"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"
हामी सबैको कर्तव्य हो-
- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।
"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"
"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔँ, भविष्य उज्यालो बनाऔँ"
जीतपुरसिमरा उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

# सहसचिव झलकराम अधिकारीविरुद्ध ७० लाख घुस प्रकरणमा मुद्दा

*काठमाडौं, १ चैत ।*

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सहसचिव झलकराम अधिकारीविरुद्ध ७० लाख रुपैयाँ घुस लिएको आरोपमा भ्रष्टाचार तथा सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दा दायर गरेको छ।



अख्तियारका अनुसार अधिकारी राजस्व अनुसन्धान विभागका महानिर्देशक रहेका बेला उक्त रकम घुस लिएको आरोप लागेको हो। यससम्बन्धी आरोपपत्र विशेष अदालतमा दर्ता गरिएको आयोगले जनाएको छ।

एच.के. इन्टरप्राइजेज नामक कम्पनीविरुद्ध राजस्व चुहावटसम्बन्धी उजुरी परेपछि अनुसन्धानको क्रममा कम्पनीका सञ्चालक श्रीकृष्ण श्रेष्ठले मुद्दाबाट जोगिन ७० लाख रुपैयाँ घुस दिएको अख्तियारको दाबी छ।

अख्तियारका अनुसार उक्त रकम विकास चापागाईं, देवेन्द्र केसी र रविन्द्र लामिछानेलगायतको सल्लाहमा उनीहरूकै खातामा राखिएको थियो। पछि सो रकमबाट भक्तपुरको दिव्यश्वरी आयोजना क्षेत्रभित्र पाँच आना जग्गा खरिद गरिएको र देवेन्द्र केसी सञ्चालक रहेको 'द कुटी रिसोर्ट'को कर्जा भुक्तानीमा समेत प्रयोग गरिएको दाबी गरिएको छ।

अख्तियारका अनुसार घटना २०७९ साल साउन महिनाको हो। अधिकारी २०७९ असार १ गतेदेखि २०७९ कात्तिक १६ गतेसम्म राजस्व अनुसन्धान विभागका महानिर्देशकका रूपमा कार्यरत थिए। आयोगले अधिकारीविरुद्ध घुस लिएको आरोपमा भ्रष्टाचार तथा गैरकानुनी रूपमा सम्पत्ति आर्जन गरेको भन्दै सम्पत्ति शुद्धीकरणसम्बन्धी कसुरमा पनि मुद्दा दायर गरेको जनाएको छ।

# कार्की आयोगको प्रतिवेदन अध्ययन गर्ने निर्णय।

*काठमाडौं, १ चैत -*

सरकारले भदौ २३ र २४ गते भएको आन्दोलनबारे छानबिन गर्न गठन गरिएको गौरीबहादुर कार्की नेतृत्वको आयोगको प्रतिवेदन अध्ययन गर्नेगरी ग्रहण गर्ने निर्णय गरेको छ।



आइतबार बसेको मन्त्रिपरिषद् बैठकपछि सञ्चारकर्मीसँग कुराकानी गर्दै सरकारका प्रवक्ता तथा गृहमन्त्री ओम प्रकाश अर्यालले आयोगको प्रतिवेदन अध्ययन गर्ने निर्णय भएको जानकारी दिएका हुन्। उनका अनुसार मन्त्रिपरिषद्को थप निर्णय सोमबार सार्वजनिक गरिनेछ र सो क्रममा प्रतिवेदनसम्बन्धी विस्तृत जानकारी दिइनेछ।

स्रोतका अनुसार प्रतिवेदन अध्ययन गर्न सरकारका एक जना मन्त्रीको संयोजकत्वमा समिति समेत गठन गर्ने तयारी गरिएको छ। उक्त समितिले आयोगको प्रतिवेदन अध्ययन गरी आवश्यक सुझाव सरकारलाई दिने बताइएको छ।

यद्यपि यस विषयमा विस्तृत विवरणबारे भने गृहमन्त्री अर्यालले तत्काल जानकारी दिन चाहेनन्। सरकारले आयोगको प्रतिवेदन अध्ययनपछि आवश्यक निर्णय लिने अपेक्षा गरिएको छ।

# नेकपाले सार्वजनिक गर्‍यो समानुपातिकतर्फका ९ सांसदको नाम

*काठमाडौं । १ चैत्र,*

नेपाली कम्युनिस्ट पार्टी (नेकपा)ले समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत आफ्नो भागमा परेका ९ जना सांसदको नाम सार्वजनिक गरेको छ।



पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड' र सह-संयोजक माधवकुमार नेपालबीचको छलफलपछि समावेशी क्लस्टरलाई ध्यानमा राख्दै उक्त सूची टुंग्याइएको जनाइएको छ।

पार्टीले सार्वजनिक गरेको सूचीअनुसार खसआर्य क्लस्टरबाट प्रमेश हमाल, आदिवासी जनजातितर्फबाट परशुराम तामाङ र भीमकुमार बुढा चयन भएका छन्। अपाङ्गता भएका व्यक्तिको प्रतिनिधित्वका लागि प्रेम बयकलाई अघि सारिएको छ।

त्यस्तै मधेसी समुदायबाट जोगकुमार बर्बरिया यादव, दलित क्लस्टरबाट पार्वती विक र गणेश विश्वकर्मा तथा थारु समुदायबाट निराशा चौधरी डगौरा समानुपातिक सांसदमा सिफारिस भएका छन्।

पार्टीका अनुसार समावेशी प्रतिनिधित्व र पार्टीमा गरेको योगदानलाई आधार मानेर यी नामहरू चयन गरिएको हो। निर्वाचन आयोगमा सूची बुझाइएपछि उनीहरूलाई सांसदको रूपमा शपथ लिने प्रक्रिया अघि बढ्नेछ।

# मातृका यादवको विजयी प्रमाणपत्र यथावत्, अन्तरिम आदेश दिन सर्वोच्चको अस्वीकार

काठमाडौं, १ चैत -

सर्वोच्च अदालतले धनुषा निर्वाचन क्षेत्र नं. १ सम्बन्धी मुद्दामा रास्वपा उम्मेदवार किशोरी साहले माग गरेको अन्तरिम आदेश दिन अस्वीकार गरेको छ। अदालतको यो निर्णयसँगै निर्वाचन आयोगले गरेको उम्मेदवारी खारेजको निर्णय हालका लागि यथावत् रहने भएको छ।



किशोरी यादवले आफ्नो उम्मेदवारी खारेज गर्ने आयोगको निर्णय बदर गर्न माग गर्दै सर्वोच्च अदालतमा रिट दायर गरेका थिए। तर अदालतले अन्तिम फैसला नभएसम्मका लागि अन्तरिम आदेश जारी गर्नु आवश्यक नभएको ठहर गरेको हो।

यस निर्णयसँगै धनुषा-१ मा नेकपा उम्मेदवार मातृका यादवले प्राप्त गरेको विजयी प्रमाणपत्र हालका लागि कायम रहने भएको छ।

यद्यपि, आफूलाई कालोसूचीबाट हटाउन माग गर्दै किशोरी यादवले दिएको अर्को रिट भने सर्वोच्च अदालतमा विचाराधीन नै छ। उक्त मुद्दामा अन्तिम फैसला आएपछि मात्र धनुषा-१ को विवादको अन्तिम टुंगो लाग्ने बताइएको छ।

# राष्ट्रिय सभा सदस्यमा ओमप्रकाश अर्याललाई नियुक्त गर्न सरकारको सिफारिस

*काठमाडौं । १ चैत्र,*

सरकारले गृहमन्त्री ओमप्रकाश अर्याललाई राष्ट्रिय सभा सदस्यमा नियुक्त गर्न राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गरेको छ।



आइतबार बसेको मन्त्रिपरिषद् बैठकले अर्याललाई राष्ट्रिय सभामा राष्ट्रपतिबाट मनोनीत हुने सदस्यका रूपमा नियुक्त गर्न सिफारिस गर्ने निर्णय गरेको सरकारी स्रोतले जनाएको छ। उक्त सिफारिस अब राष्ट्रपतिसमक्ष पठाइनेछ।

राष्ट्रिय सभामा राष्ट्रपतिबाट मनोनीत हुने एक सदस्यको पद हाल रिक्त रहेको छ। सोही रिक्त स्थानमा अर्याललाई नियुक्त गर्न सरकारले सिफारिस गरेको हो।

नेपालको संविधानअनुसार राष्ट्रिय सभामा राष्ट्रपतिबाट तीन जना सदस्य मनोनीत हुने व्यवस्था छ, जसमा एक स्थान रिक्त भएपछि सरकारले नयाँ नाम सिफारिस गरेको हो।

सरकारको सिफारिसपछि राष्ट्रपतिले मनोनयन स्वीकृत गरेमा अर्याल राष्ट्रिय सभा सदस्यका रूपमा नियुक्त हुनेछन्। हाल गृहमन्त्रीको जिम्मेवारी सम्हालिरहेका अर्याललाई राष्ट्रिय सभामा मनोनयन गर्न सरकारभित्र सहमति बनेपछि मन्त्रिपरिषद् बैठकले औपचारिक निर्णय गरेको बताइएको छ।

# पेट्रोल र डिजेलको मूल्य फेरि बढ्यो

*काठमाडौं – १ चैत्र ,*

नेपाल आयल निगम ले पेट्रोलियम पदार्थको मूल्य बढाएको छ। निगमले पेट्रोलमा प्रतिलिटर १५ रुपैयाँ तथा डिजेल र मट्टितेलमा १० रुपैयाँ वृद्धि गरेको जनाएको छ।



नयाँ समायोजनपछि पेट्रोलको मूल्य प्रतिलिटर १७२ रुपैयाँ पुगेको छ भने डिजेल र मट्टितेलको मूल्य १५२ रुपैयाँ कायम गरिएको छ। यसअघि पेट्रोल १५७ रुपैयाँ र डिजेल १४२ रुपैयाँ प्रतिलिटरमा बिक्री हुँदै आएको थियो।

निगमका अनुसार अन्तर्राष्ट्रिय बजारमा भएको मूल्य वृद्धिका कारण ईण्डियन आयल कर्पोरेशनबाट उच्च दरमा इन्धन आयात गर्नुपरेकाले मूल्य समायोजन गर्नुपरेको हो। यद्यपि कर्पोरेशनले पठाएको पूर्ण दर लागू नगरी केही भार मूल्य स्थिरीकरण कोषबाट व्यहोर्ने गरी मूल्य निर्धारण गरिएको निगमले जनाएको छ।

निगमले हालको मूल्य समायोजनपछि पनि आगामी १५ दिनमा करिब ३ अर्ब ९३ करोड रुपैयाँ घाटा हुने प्रक्षेपण गरेको छ। अन्तर्राष्ट्रिय बजारमा मूल्य घटेमा तत्काल उपभोक्तालाई राहत दिने गरी मूल्य घटाउने नीति अपनाइने पनि निगमले जनाएको छ।


जनहितमा जारी सन्देश

"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"

हामी सबैको कर्तव्य हो-

- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"

"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔं, भविष्य उज्यालो बनाऔं"

फेटा गाउँपालिका द्वारा जनहितमा जारी सन्देश ।



जनहितमा जारी सन्देश

"बाल विवाह गैरकानुनी मात्र होइन, बालबालिकाको भविष्यमाथि प्रहार हो ।"

हामी सबैको कर्तव्य हो-

- बालबालिकालाई विद्यालय पठाउने ।
- उनीहरुको निर्णय लिन सक्ने उमेरसम्म कुर्ने ।
- बाल विवाहको विरोध गर्ने ।

"बाल विवाह होइन, शिक्षा र अवसर हाम्रो अधिकार"

"छोरी होस् वा छोरा-बाल विवाहबाट बचाऔं, भविष्य उज्यालो बनाऔं"

सुवर्ण गाउँपालिका द्वारा जनहितमा जारी सन्देश ।



सोनु सेकुवा कर्नर

पेट्रोल पम्पको ठिक पश्चिमपट्टि

प्रो. पिन्टु भाई

स्वादिलो मासाहारी परिकारको उत्कृष्ट गन्तव्य

यहाँ पाइने विशेष परिकारहरु:

- विभिन्न प्रकारका सेकुवा
- लोकल देखि ठूला माछाका स्वाष्टि परिकार
- ताजा मासुका खाजा तथा खाना
- स्वादिलो नेपाली खाना
- सफा तथा आरामदायी वातावरण
- परिवार र साथीभाइसँग आउन उपयुक्त
- सुपथ मूल्यमा उत्कृष्ट स्वाद

